नरैनापुर गाउँपालिका
Narainapur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नरैनापुर, बाँके
Narainapur, Banke
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या : २०८२।०८३
चलानी नः २२२

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०६/१२)

प्रस्तुत विषयमा यस नरैनापुर गाउँकार्यपालिकाको मिति २०८२/०६/०२ को निर्णयानुसार यस नरैनापुर गाउँपालिकाको लागि १ जना दमकल चालक, १ जना रोलर चालक र २ जना दमकल हेल्पर (जम्मा ४ जना )मिति २०८२ साल पौष मसान्त सम्मको लागि सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन दिनुहुन अनुरोध छ । दरखास्त फाराम यस कार्यालयको Website: www.narainapurmun.gov.np तथा यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ।

**आवश्यक माग संख्या**

| विज्ञापन नं | पद | संख्या | कैफियत |
|---|---|---|---|
| ०५/२०८२/०८३ | दमकल चालक | १ | |
| ०६/२०८२/०८३ | रोलर चालक | १ | |
| ०७/२०८२/०८३ | हेल्पर | २ | |

**आवश्यक न्यूनतम योग्यताः** रोलर र दमकल चालकको हकमा सामान्य मान्यता प्राप्त शिक्षण स्स्थाबाट ८ कक्षा उतिर्ण गरी सम्बन्धित सवारी तथा निर्माण उपकरण चलाउने अनुमति प्राप्त गरेको र हेल्पर (दमकलको) हकमा साधारण लेखपढ गर्न सक्ने।

**परीक्षा दस्तुरः-** ३००।- (तिन सय रूपैयाँ मात्र) नरैनापुर गाउँपालिकाको लक्ष्मी सनराईज बैंक शाखाको आन्तरिक राजश्व खाता नं. ०७४०४८८०८७७३००६ मा चार सय रकम जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ।

**दरखास्त बुझाउने स्थानः-** गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भएर तोकिए बमोजिमको फाराम भरी दरखास्त पेश गर्न सकिनेछ।

**छनौटको किसिमः-** अन्तर्वार्ता र प्रयोगात्मक।

**दरखास्त दिने अन्तिम मितिः** २०८२/०६/२५ गते सम्म । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुल्ने समयमा बुझाउन सकिनेछ।

**उमेर हदः-** दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाधेको र नरैनापुर गाउँपालिकाको सेवा कररामा कर्मचारी व्यवस्थापन कार्यविधि २०८२ बमोजिम हुनेछ ।

**दरखास्त फाराम साथ संलग्न गर्नु पर्ने कागजातहरुः-** उम्मेदवार स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरूः नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो , कार्य अनुभव खुल्ने कागजात, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

**सेवा सुविधाः-** गाउँपालिकाको निर्णय अनुसार हुनेछ।

**परीक्षा मितिः-** पछि प्रकाशन गरिनेछ।

नवराज बली
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, सरसफाई र पूर्वाधार : समुन्नत नरैनापुरको मुल आधार"

ईमेल *ito.narainapurmun@gmail.com* Website URL: *https://www.narainapurmun.gov.np*
कार्यालय कोड नं ८०१०५५७०६, कार्यालय फोन नं ☎ ९८५८०३१०७८

CamScanner